पूर्वखोला गाउँपालिका
Purbakhola Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
पूर्वखोला, पाल्पा
Purbakhola, Palpa
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

पत्र संख्या/Letter No. :
चलानी नं./Ref. No. :

सूचना नं:-५

मिति :२०७७/०७/१९

सूचना ! सूचना !! सूचना !!!

विषय : रासायनिक मल विक्रेता विक्रेता सिफारिसको लागि दरखास्त दिने सम्वन्धमा ।

प्रस्तुत बिषयमा अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका,२०७७ को दफा १५ को उपदफा १ अनुसारको मल विक्रेता नियुक्तिका लागि स्थानिय तहको सिफारिस आवश्यक पर्ने हुंदा दफा ११ को उपदफा १(ङ)बमोजिम मल वितरक कम्पनीमा मल विक्रेता नियक्तिका लागि सिफारिस हुन दफा १५ को उपदफा ८ बमोजिम मलको कारोबार गर्न इच्छुक कृषि सहकारी संस्था /सहकारी संस्था /फर्म/कम्पनीहरुलाई दरखास्त आब्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र तपसिल तोकिएको ढाँचामा सम्वन्धित वडा कार्यालयमा दरखास्त दिनुहुन अनुरोध छ ।थप जानकारीको लागि पूर्वखोला गाउँपालिका कृषि विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**संलग्न गर्नु पर्ने कागजातहरु**

१.सहकारी/फार्म/कम्पनीको निवेदन
२.संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि
३.स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि
४.कर चुक्ता प्रमाण पत्रको प्रतितिपि
५.विगत दुई आ.व. को लेखा परिक्षण प्रतिवेदन प्रतिलिपि
६.संस्थागत निर्णयको प्रतिलिपि
७.वडा कार्यालयको सिफारिस पत्र

सन्तोष कंडेल
कृषि शाखा प्रमुख
कृषि शाखा प्रमुख

झम्नु प्रसाद पनेरु
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

(ख) सम्बन्धित स्थानीय तहको क्षेत्र भित्र खेती गरिएको जग्गाको लागि आवश्यक पर्ने मलको प्रकार र परिमाण प्रक्षेपण गरी प्रदेश समिति समक्ष माग पेश गर्ने,

(ग) स्थानीय तहको वडागत रुपमा आवश्यक पर्ने मलको आपूर्ति व्यवस्था गर्ने,

(घ) स्थानीय तहमा मलको कारोबार गर्ने विक्रेताको प्रत्येक आर्थिक वर्षको लागि दर्ता, नवीकरण गर्ने,

११(१) (ङ) मलको विक्रेता नियुक्त हुन स्थानीय तहमा निवेदन दिएका नियमानुसार दर्ता भएका संस्थालाई स्थानीय मागको आधारमा स्थानीय तह भित्र निश्चित स्थान पहिचान गरी आवश्यक विक्रेताहरुको संख्या निर्धारण सहित विक्रेता नियुक्ति गर्नको लागि मल वितरक कम्पनीमा सिफारिस गर्ने र विक्रेताको सूची समय समयमा प्रकाशन गर्ने।

(च) आफ्नो स्थानीय तह भित्र निश्चित कार्यक्षेत्र पर्ने गरी मल बिक्रेताको कार्यक्षेत्र तोक्ने।

(छ) स्थानीय तहलाई प्राप्त हुने मल अनुसार मल विक्रेताका लागि खेतीयोग्य जमिनको क्षेत्रफल र वाली सघनताका आधारमा मलको प्रकार र परिमाण तोक्ने,

(ज) आफ्नो क्षेत्रको कुनै विक्रेताले निजलाई तोकिएको प्रकार र परिमाणमा मल खपत गर्न नसक्ने जानकारी दिएमा आवश्यकताका आधारमा सम्बन्धित स्थानीय तह भित्रका अन्य विक्रेताका लागि कोटा थप गर्ने,

(झ) स्थानीयस्तरमा आवश्यक पर्ने मलको अभाव हुन नदिन आवश्यक तयारी गर्ने,

(ञ) स्थानीयस्तरमा मल विक्री वितरण व्यवस्थापनको निरीक्षण तथा अनुगमन गर्ने,

(ट) मल विक्री वितरण सम्बन्धी विवरणको अभिलेख तयार गरी प्रमाणित गरी राख्ने,

(ठ) मल बिक्री वितरण सम्बन्धमा स्थानीय तह भित्रको कृषक तथा विक्रेताको गुनासो सुन्ने तथा समाधानको लागि काम गर्ने, र

(ड) अनुदानमा उपलब्ध हुने मलसँग सम्बन्धित तथ्याङ्क विद्युतीय प्रणालीमा आधारित भई व्यवस्थापन गर्ने/गराउने।

(२) स्थानीय समितिले सम्पादन गरेको काम कारबाहीको प्रगति प्रतिवेदन अनुसूची-१ बमोजिमको ढाँचामा तयार गरी चौमासिक रुपमा मल आपूर्ति तथा वितरण व्यवस्थापन समिति र प्रदेश समिति समक्ष पठाउनु पर्नेछ।

१२. <u>मलको परिमाण निर्धारण गर्ने:</u> (१) स्थानीय समितिले आफ्नो स्थानीय तहमा आगामी आर्थिक वर्षको लागि आवश्यक पर्ने मलको प्रकार र परिमाण खुलाई प्रत्येक आर्थिक वर्षको माघ मसान्तभित्र प्रदेश समितिमा पठाउनु पर्नेछ।

(२) प्रदेश समितिले आफ्नो प्रदेशमा आगामी आर्थिक वर्षका लागि आवश्यक पर्ने मलको प्रकार र परिमाण स्थानीय तहगत रुपमा खुलाई प्रत्येक वर्षको फागुन मसान्तभित्र मल आपूर्ति तथा बितरण व्यवस्थापन समितिमा पठाउनु पर्नेछ।



यादव प्रसाद कोइराला
सचिव

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकार तथा स्थानीय तहले ढुवानीमा अनुदान दिई मल बिक्री वितरण व्यवस्था मिलाउन बाधा पर्ने छैन्।

## परिच्छेद-३

## विक्रेता नियुक्ति तथा विक्री वितरण सम्बन्धी व्यवस्था

१५. विक्रेता नियुक्तिः (१) सहकारी संस्था, फर्म वा कम्पनीले मलको विक्री वितरण गर्न चाहेमा मल वितरक कम्पनीको विक्रेता नियुक्ति सम्बन्धी प्रक्रियामा तोकिएको विवरण तथा कागजातका अतिरिक्त देहायका कागजात तथा विवरण संलग्न गरी मल वितरक कम्पनीमा निवेदन दिनु पर्नेछः-

(क) सहकारी संस्था, फर्म वा कम्पनी दर्ताको प्रमाण,

(ख) सम्बन्धित स्थानीय तहको सिफारिस,

(ग) विगतका दुई आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

(घ) स्थायी लेखा नम्बरदर्ताको प्रमाण,

(ङ) अनुभव, कार्यदक्षता, कार्यक्षमताको विवरण,

(च) नापतौल गर्ने मेशिन, गोदामघर, सूचना प्रविधि लगायतका भौतिक पूर्वाधारको विवरण।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम सम्बन्धित स्थानीय तहले सिफारिस गर्दा स्थानीय समितिको निर्णयानुसार गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम स्थानीय समितिले निर्णय गर्दा स्थानीय तहको आवश्यकता र बिक्री परिमाण, सहकारी संस्था, फर्म वा कम्पनीको अनुभव, कार्यदक्षता, कार्यक्षमता र नापतौल गर्ने मेशिन, गोदामघर, सूचना प्रविधि लगायतका भौतिक पूर्वाधार समेतको आधारमा गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको निवेदन दिने सहकारी संस्था, फर्म वा कम्पनीलाई मल वितरक कम्पनीले विक्रेता नियुक्त गरी अनुसूची-२ बमोजिमको ढाँचामा मल विक्रेता प्रमाणपत्र उपलब्ध गराउनेछ।

(५) उपदफा (४) बमोजिम मल वितरक कम्पनीले विक्रेता नियुक्त गर्दा कम्तीमा दुई आर्थिक वर्षको कार्यकाल पूरा गरेका, सक्षम तथा क्रियाशिल सहकारी संस्था, फर्म वा कम्पनीलाई मात्र नियुक्त गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम नियुक्त विकेताले अनुदानमा उपलब्ध गराइएको मलसँगै अन्य स्रोतबाट प्राप्त सोही प्रकारको अनुदान उपलब्ध नगराइएको मल विक्री वितरण गर्न पाउने छैन ।

(७) उपदफा (४) बमोजिम विक्रेता प्रमाणपत्र लिनु अघि मल वितरक कम्पनी समक्ष त्यस्तो विक्रेताले अनुसूची-३ बमोजिमको प्रतिवद्धता पेश गर्नु पर्नेछ।

(८) विक्रेता नियुक्ति गर्दा कृषि सम्बन्धी सहकारी संस्थाहरुलाई पहिलो प्राथमिकता दिनु पर्नेछ।

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार